# कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट

१५ औ नगर सभाका सभा अध्यक्ष श्रीमान नगर प्रमुखज्यु, उपस्थित प्रमुख प्रसासकिय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, सम्पूर्ण नगर सभा सदस्यज्यूहरु उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्युहरु, यो नगर सभालाई प्रत्यक्ष/अप्रत्यक्ष सुनिरहनु भएका दाजुभाई तथा दिदि बहिनिहरु,

सर्वप्रथम लोकतन्त्र स्थापना, पुनर्स्थापना तथा संरक्षणका लागि आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु |

आ.व. २०८०/८१ को नीति, कार्यक्रम तथा बजेटलाई सफल बनाउन सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यबाद दिन चाहान्छु | बि.सं. २०७२ को नयाँ संविधान जारि भएसंगै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना भएको छ | शहिद र कृष्णपुर बासीका सपना साकार पार्न हामी सबै एक ढिक्का भएर अगाडी बढ्नुको विकल्प समेत नरहेको अवगत गराउन चाहान्छु | व्यक्तिको श्रमको न्यायोचित मूल्य, सम्पतिको हक, बैचारिक स्वतन्त्रता, शिक्षा र स्वास्थ्यमा सहज पहुच हाम्रा नैसर्गिक अधिकार हुन | जनताले आफ्ना यिनै सेवा र अधिकार सजिलै प्राप्त गर्न सकोस भनि हाम्रो संविधान २०७२ ले **तिन तहको सरकार**को परिकल्पना गरेको छ | संविधानको यो परिकल्पना लाई सार्थक तुल्याउनु हाम्रो प्रमुख जिम्मेवारी ठान्दै यो नगर सभामा आगामी बर्ष २०८१/८२ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा आफुलाई निकै भाग्यशाली ठानेकी छु | मलाई यो अवसर प्रदान गर्नु हुने सम्पूर्ण मतदाता तथा यस नगर सभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु |

२०७९ सालको स्थानीय निर्वाचनमा कृष्णपुर नगरपालिका दाजु भाई तथा दिदि बहिनिले हामीलाई निर्वाचित गरे पछी आ.व. २०७९/८०, आ.व. २०८०/८१ नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वय पश्यात आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम पेश गर्दैछु | आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट पेश गर्दै गर्दा कृष्णपुर नगरबासी दाजु भाई दिदिबहिनीले प्राप्त गर्ने सेवा थप सरल र सहज तरिकाले प्राप्त गर्नु हुनेछ भन्ने कुरामा विस्वस्त छु साथै सोच्छु, सफा र हरियाली युक्त वातावरण विकास गरि कृष्णपुर नगरपालिकालाई बातावरण मैत्री सहर बनाउने कुरामा थप प्रतिबद्द छु |

२०६२/०६३ को जन आन्दोलन, संबिधान सभाको निर्वाचन तथा संबिधान सभाबाट प्राप्त जनताको संबिधान हाम्रो मार्गदर्शक सिद्धान्त हो | यहि नै जनताको साझा मुल्य, मान्यता र संघर्षबाट प्राप्त अनमोल सम्पत्ति पनि हो | संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ को परिधि र लोकतान्त्रिक समाजवादको चिन्तनलाई संस्थागत गर्दै जनताको हित र नगरको सम्वृद्धिमा ध्यान केन्द्रित गरि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने पुनः जमर्को गरेकी छु | यिनै नीति तथा कार्यक्रमलाई सफलतापुर्वक कार्य सम्पादन गर्न सम्भावित श्रोत परिचालन गरि यो बजेट तर्जुमा गरेकी छु | यो नीति कार्यक्रम तथा बजेट जनताको अपनत्व सहित अत्याधिक स्नेह प्राप्त गर्नेछ र कार्यान्वयन हुनेछ, भन्दै पूर्ण विश्वासका साथ प्रतिवद्ध छु |

**आदरणीय उपस्थित महानुभावहरु,**

आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट पेश गर्दै गर्दा विगतमा यस कृष्णपुर नगरपालिकामा भएका राम्रा र अपुरा कामहरुलाई निरन्तरता दिदै आ.व. २०८०/८१ को समिक्षा सहित आ.व. २०८१/८२ को नीति, कार्यक्रम र बजेट यहाँहरु संग प्रस्तुत गर्दछु |

## कृष्णपुर नगरपालिकाको आ.व. २०८०/८१ को नीति, कार्यक्रम तथा बजेटको सामान्य समिक्षा

हामीलाई २०७९ को स्थानीय निर्वाचन पश्चात आ.व. २०७९/८० र २०८०/८१ को नीति, कार्यक्रम तथा बजेटको प्रस्तुति गर्ने अवसर प्राप्त भएको थियो | सो नीति, कार्यक्रम तथा बजेट कार्यान्वय गर्नमा सहयोग पुर्याउनु

हुने सम्पूर्ण जन निर्वाचित प्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, कृष्णपुर नगरपालिका भित्र क्रियाशील राजनैतिक दलहरु, आम कृष्णपुरवासी दाजुभाई दिदीबहिनीहरु, पत्रकारज्यूहरु, सहयोगी सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु | चालु आ.व. २०८०/८१ को नीति कार्यक्रम तथा बजेटबाट यस आ.व. मा भएका र यस आ.व. को अन्त्य सम्म हुन सक्ने उपलब्धीहरु देहाए बमोजिमका छन् |

१. चालु आ.व. मा हामीले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरु अधिकांश कार्यान्वनमा आई केहि पुरा भई केहि पुरा हुने क्रममा छन् |

२. शिक्षा, स्वास्थ्य, विकास निर्माण, सुरक्षा र कृषिका क्षेत्रमा कृष्णपुर नगरपालिकाले अपेक्षित सफलता प्राप्त गरेको र व्यवस्थापन गर्न सफल भएको व्यहोरा सहर्स जानकारी गराउन चाहान्छु |

(क) शिक्षा तर्फः शिक्षक दरबन्दी मिलान, तहगत प्र.अ. व्यवथापन, नगरबाट विद्यालयहरुमा आवस्यक नगर शिक्षक प्रदान, भौतिक संरचनामा सूधार, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण, कृष्णपुर नगरपालिकाको शिक्षा नीति निर्माण,नगरपालिका भित्र रहेका सम्पूर्ण बालविकास केन्द्रमा प्रविधि मैत्री पठन पाठनका निमित्त आवयक तयार अन्तिम चरणमा रहेको, विद्यालयहरुमा ICT अनुदान आदि |

(ख) स्वास्थ्य तर्फः कृष्णपुर स्वास्थ्य चौकी ईमरजेन्सी सुविधा सहित २४ घण्टे निःशुल्क संचालन, कृष्णपुर स्वास्थ्य चौकी भित्र कृष्णपुर आरोग्य सेवा केन्द्र स्थापना र रेबिज भ्याक्सिनको उपलब्धता, नगरका आवस्यक स्थानमा बर्थिंग सेन्टर स्थापना र स्वास्थ्य संस्था भवनहरु निर्माण, गर्भवती महिला/बृद्ध/बालक/अति बिपन्न/ दुर्घटनामा परेका लाई निःशुल्क एम्बुलेन्स सेवा, कृष्णपुर नगरपालिका भित्र बिभिन्न स्थानमा स्वास्थ्य संस्था र खोप केन्द्र निर्माण लगायत अन्य सेवाहरु |

(ग) भौतिक पूर्वाधारः नगरका भित्र आफ्नै साधन श्रोत उपयोग गरी सडकको स्तरोन्नतिका साथै संघ, प्रदेश र स्थानीय तहको सहयोगमा करिब ८ कि.मि. पिच सडक निर्माण, बिभिन्न स्थानमा भौतिक पूर्वाधार विकास

(घ) कृषि तथा पशुपंक्षी : कृषकहरुलाई प्रोत्साहन गर्नका निम्ति बिभिन्न किसिमका अनुदान प्रदान, कृषि क्षेत्रमा कार्यरत बिभिन्न संघ संस्थाहरु संग समुन्वय, आ.व. २०८०/८१ मा अमेरिकी सरकार संग करिब ३ करोड पचहत्तर लाखको बजेट कृषि क्षेत्रमा लगानीका लागि सम्झौता

३. अपराध नियन्त्रण तथा सुरक्षा : नगरका बिभिन्न स्थानमा मोहना चोक देखि बनारा सम्म CCTV क्यामरा जडान, वडा नं ४ पिपल चौतारा र वडा नं ७ चम्मन चौराहमा CCTV क्यामरा जडान तथा मर्मत, पहरिया र वडा नं ६ मोहना चोकमा अस्थाई प्रहरी चौकी स्थापनाका साथै वडा नं ९ मा अस्थाई प्रहरी चौकी स्थापनाको क्रममा |

४. छाडा चौपाया व्यवस्थापनः नगरका बोभिन्न स्थानहरुमा गौशाला निर्माण, वडा नं ४ मा श्री ग्वासी समौजी धार्मिक महत्सब एवं सप्ताह ज्ञान गौ माहायज्ञ संचालन गरिएको र कृष्णपुर नगरपालिकाका विभिन्न गौशालामा करिब १२०० गाई/गोरुहरु संरक्षणमा रहेको |

५. शुसाशन तथा कार्यालय व्यवस्थापनः जनताको गुनासो व्यवस्थापन गरी पारदर्शिता एवं शु-शासनलाई टेवा पुर्याउनका लागि अनलाईन हेलो मेयर (गुनासो व्यवस्थापन प्रणाली - https://gunaso.krishnapurmun.gov.np/) कार्यक्रम संचालन, नगरपालिकामा बिभिन्न समितिहरु निर्माण, कर्मचारी व्यवस्थापनका निमित्त PIS प्रणालीको प्रयोग

६. भूमिः नगरमा अव्यवस्थित बसोबासिको भुमि नाप जाँच, विगतमा बिभिन्न आयोग, समितिबाट भएका जग्गाका अधुरा, अपुरा कार्यहरु द्रुत गरिमा अगाडी बढाई जग्गा धनि पुर्जा वितरण कार्य सुरु

**उपस्थित महानुभावहरु,**

अब म यस कृष्णपुर नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि नीति, कार्यक्रम तथा बजेट यस नगर सभामा पेश गर्न चाहन्छु | यस नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका विषयहरुलाई आधार लिएकी छु |

१. नेपालको संविधानमा व्यवस्था भएका नीति, मार्गदर्शक सिद्धान्त, मौलिक हक अनुसूची ८ (स्थानीय सरकारको एकल अधिकारको सूची) र ९ (स्थानीय, प्रदेश, एवं संघ सरकारको साझा अधिकारको सूची) मा उल्लेखित अधिकार,
२. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको नीतिगत व्यवस्था,
३. नेपाल सरकारको आ.व. २०८१ /०८२ को नीति तथा कार्यक्रम एबं बजेट बक्तब्य,
४. सुदूरपश्चिम प्रदेश सरकारको २०८१ /०८२ को नीति तथा कार्यक्रम एबं बजेट बक्तब्य,
५. कृष्णपुर नगरपालिकाले बिगतमा तय गरेका आवधिक तथा दिर्घकालिन नीतिहरु |

अब म यस कृष्णपुर नगरपालिकाको आगामी आ.व. २०८१/८२ मा अबलम्बन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु |

## "कृष्णपुर नगरपालिकाको लक्ष्य"

**"शिक्षा, स्वास्थ्य, कृषि तथा पशु, पर्यटन, पूर्वाधार विकास र उद्योग, आत्मनिर्भर कृष्णपुरमा श्रोतको सदुपयोग"**

## १. आर्थिक विकास तर्फ

**"व्यावसायिक पशुपालन, खाद्यन तथा नगदे बालि (तरकारी खेति) मार्फत गरिवी निवारणमा सहयोग पुग्ने लक्ष्य लिईएकोछ"** | यसका निमित्त २०८०/८१ मा अमेरी सरकारको USAID प्रोजेक्ट संग ३ करोड ७५ लाख बराबर आर्थिक अनुदानका निम्ति सम्झौता भएको छ | यसका लागि बेरोजगार युवाहरु, सिमान्तकृत, बिपन्न वर्ग, लोपोन्मुख जाति, आदिवासी जनजाती, मुक्त कमैया, मुक्त हलिया, दलित, द्वन्द पिडित, रोजगार गुमाएका आप्रवासी मजदुर, कोरोनाका कारण रोजगार गुमाएकालाई सामुहिक व्यवसाय संचालन गर्न र कृषि कार्य गर्न उत्प्रेरित गर्ने साथै बाख्रापालन, बंगुरपालन, कुखुरापालन, माछ्वापालन, गाई भैसीपालन, मौरीपालन, बेमौसमी तरकारी खेति, केरा खेति, फलफुल खेति, चौते धान, दलहन खेति लगायतका व्यावसायिक कृषिजन्य व्यवसायमा उत्पादनमा अनुदान उपलब्ध गराउने नीति ल्याएकीछु |

### (क) कृषि तथा पशुपन्छी

**"युवा स्वरोजगारका लागि कृषि"**

१. सामुहिक कृषि खेतीलाई प्रोत्साहन गरिनेछ | सामुहिक खेतीमा आवद्ध किसानहरुलाई कृषि मिटरको शुल्कमा अनुदान दिईनेछ |
२. आ.व. २०८१/८२ मा अमेरिकी सरकारको सहयोगमा कृषि सम्बन्धी बिशेष कार्यक्रम संचालन गरिनेछ | कृष्णपुर नगरपालिका भित्र रहेका जग्गामा कुन खेति उपयुक्त हुन सक्दछ भनि आवश्यक अध्यायन समेत गरिनेछ |

३. महिलालाई आत्मनिर्भर बनाउन महिला सहकारी स्थापना गर्न जोड दिइनेछ । महिला सहकारी संगको सहकार्यमा स्थानीय आवस्यक्ता अनुसार बाख्रा, गाई पालन, भैसी, बंगुर, मौरी पालन, कुखुरा, लगायत अन्य पशुपन्छी पालनमा सहयोग गरी महिला स्वरोजगार सृजना गरिनेछ ।

४. बिभिन्न कृषि सहकारी मार्फत किसानहरुलाई मलखाद उपलब्ध गराउन पहल गरिनेछ।

५. कृष्णपुर नगरपालिका वडा नं ५ मा कोल्ड स्टोर बनाउन पहल गरिनेछ ।

६. कृष्णपुर वडा नं २ बनरा र कृष्णपुर वडा नं ६ मोहन चोकमा आ.व. २०८१/८२ बाट कृषि हाट बजार संचालन गरिनेछ ।

७. मुक्त कमैला शिविरमा निःशुल्क बिउ बिजन र कृषि सामग्री उपलब्ध गराइने छ ।

८. वडा नं १,२, ३ र वडा नं ७, ८ ,९ मा सबै जनतालाई पाएक पर्ने गरि दुई स्थानमा कृषि सेवा केन्द्र स्थापना गरी कृषि प्राविधिकको व्यवस्था समेत गरिनेछ ।

९. तरकारी खेतीमा आवद्ध कृषकहरुको उत्थान बजारीकरणका लागि कृष्णपुर बाहिर पनि स्टलको व्यवस्था गरिनेछ साथै कृषि जन्य बस्तुको प्रवर्धनका लागि कृषि मेला प्रदर्शनी गर्ने कार्य गरिनेछ ।

१०. किसानलाई बर्गिकरण गर्दै उत्पादनमा प्रोत्साहन गरिने नीति अबलम्बन गरिनेछ ।

११. भूमिगत जलश्रोत कार्यालयको समन्वयमा नगरका ९ वटै वडामा सिचाईका लागि डिप तथा स्यालो ट्युवेल उपलब्ध गरईनेछ ।

१२. जैविक मल उत्पादन तथा बजारीकरणमा अनुदान उपलब्ध गराइनेछ ।

१३. व्यवसायिक गाई फर्म, भैसी फर्म, बंगुर फर्म, बाख्रा फर्म, कुखुरा फर्म, मौरी फर्म, माछापालनको विकास र विस्तारका लागि सहभागितामा आधारित अनुदान दिने नीतिलाई प्राथमिकता दिइनेछ ।

१४. उन्नत जातका बिउ बिजनमा अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ । बगर खेति गर्ने किसानलाई प्रोत्साहित गरिनेछ ।

१५. कृष्णपुर नगरपालिका वडा नं ७, ८ र ९ लाई विशेष पशुपालन पाकेट क्षेत्रलाई थप प्रभाबकारी बनाईनेछ ।

१६. किसानलाई कृषी तथा पशु बिमा गर्न प्रोत्साहित गरिनेछ ।

१७. कृष्णपुर नगरपालिकाको वडा नं १ र ४ को घाडीघाँच क्षेत्र र वडा नं २ को बाणी शिविर र खल्ला गोठ क्षेत्रमा बिशेष मौरी पाकेट क्षेत्रको रुपमा बिस्तार गरिनेछ ।

१८. किसानलाई कृषी सम्बन्धिका प्राविधिक ज्ञान, सिप दिन तालिम दिने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. मासुजन्य पसल सुधारका लागि अनुदान दिने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

२०. कृषि सहकारी मार्फत किसानहरुलाई विशेष सुविधा उपलब्ध गराईनेछ ।

२१. कृषीमा आधारित उधोगहरुलाई कर छुट गर्ने निती अबलम्बन गरिनेछ ।

२२. व्यावसायिक डेरी प्रवर्द्धन लाई प्रोत्साहन गरि अनुदान दिने कार्यलाई प्राथमिकता दिईनेछ ।

२३. माछा पालना गर्ने कृषकलाई प्रोत्साहित गरिनेछ ।

२४. कृषिलाई थप उत्पादन र व्यावसायिक बनाउन सामुदायिक बन संग साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ । सामुदायिक बन संग साझेदारीमा कागती, बेल लगायतका अन्य औधोगिक कच्चा पदार्थलाई ठुलो परिणाममा उत्पादन गर्ने नीति लिईएको छ । यस कार्यका लागि निजि क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ ।

२५. पशुजन्य खाद्य पदार्थको गुणस्तरीय उत्पादन विविधिकरण र बजारीकरणलाई प्राथमिकता दिंदै बिषयगत, प्रशोधन, शाखा र सेवा केन्द्रहरुमा रोग निदानका लागि प्रयोगशाला स्थापना गरिनेछ ।

**(ख) खानेपानी तथा सरसफाई**

१. नगरपालिका हरेक घर धुरीमा स्वच्छ खानी पानीको व्यवस्था मिलाउनुका साथै खानेपानीको स्रोत संरक्षणका लागि ताल/पोखरी बचाउ अभियानलाई निरन्तरता दिईनेछ ।
२. नगरपालिकाको बजार क्षेत्रमा ढल व्यवस्थापन योजना प्रभावकारी रुपमा लागु गरिने छ ।
३. पूर्ण सरसफाई युक्त नगर घोषणा गरिने छ, त्यसका लागि टोल स्तरीय सरसफाईलाई प्रभावकारी बनाई नगर तथा वडा स्तरमा अनुगमन गरिने छ । खानेपानी तथा सरसफाई समिति गठन गरि त्यसलाई बढी उत्तरदायी बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
४. फोहर व्यवास्थापनको लागि अन्तर निकाय समन्वयको कार्य प्रभावकारी बनाउन सूचना संचार प्रणाली बिकास गर्दै सहयोगी निजि संस्था सम्बन्धित निकायहरु संग समन्वय गरि ४० माईक्रोन भन्दा कम पातलो प्लास्टिक झोलाको उत्पादन तथा बिक्रि बितरणमा रोक लगाई बैकल्पिक झोलाको प्रयोगमा प्रोत्साहन गरिनेछ ।
५. मेरो फोहोर मेरो जिम्मेवारी अभियान अन्तर्गत फोहोरको श्रोतमा नै बर्गिकरण गर्ने नीतिलाई अबलम्बन गरिनेछ ।
६. कृष्णपुर नगरपालिका वडा नं २ नयाँ बस्ति सरस्वति टोलमा रहेको बाणी ग्रामिण खानेपानी आयोजना लाई वडा नं २ बैझानाथ टोलमा रहेको बाणी खानेपानी आयोजना तथा सरसफाई समितिमा गाभ्ने निर्माण गरियो ।
७. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र (Dumping Site) को निर्माणका लागि सम्भाव्यता अध्ययन गरि निर्माण कार्य शुरु गरिनेछ । कृष्णपुर नगरपालिकाले शुल्काफाँटा नगरपालिका, कंचनपुर र गोदावरी नगरपालिका, कैलाली संग साझेदारीमा फोहरमहिला व्यवस्थापनको पहल गरिनेछ ।
८. नगरपालिकाको मुख्य बजार क्षेत्र र वडाका मुख्य चोकहरुमा सार्वजनिक शौचालय निर्माण र शुद्ध खानेपानी व्यवस्था गरि सर्वशुलभ ढंगले संचालन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
९. नगरको वातावरणीय सरसफाई र स्वच्छता कायम गर्न बजार क्षेत्रमा कन्टेनरको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
१०. प्राकृतिक खोला, नाला, कुलो सरसफाई गरी पानीको निरन्तर निकासमा जोड दिईनेछ ।
११. कृष्णपुर नगरपालिका भित्र फोहोरमैला व्यास्थापनका निमित्त उद्योग बाणिज्य संघ, बजार व्यवस्थापन समिति संग समन्वय गरि फोहरमैला संकलन शुल्क निर्धारण गरि लीइनेछ ।

**(ग) युवा तथा खेलकुद**

१. कृष्णपुर नगर खेलकुद विकास समितिलाई सुविधा सम्पन्न बनाई खेलकुद र युवा मैत्री कार्यक्रम संचालन गरिनेछ ।
२. एक वडा एक खेलकुद मैदान बनाउने कार्य लाई निरन्तरता दिईनेछ । यसका लागि प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ ।
३. उप प्रमुख बालिका कप भालिबाल प्रतियोगिता गरिनेछ ।
४. कृष्णपुर नगरपालिकामा तिन क्लस्टर बनाई तिन वटा रंगशाला निर्माण गर्ने नीति रहेकोछ ।
५. युवा लक्षित open Gym house को स्थापना आवस्यक अन्य स्थानमा समेत गरिनेछ ।
६. युवा स्वरोजगारलाई प्रोत्साहिन गरिनेछ ।
७. नगरमा खेल प्रशिक्षक नियुक्त गर्ने व्यवस्था गरिनेछ ।
८. मेयर कप फुटवल र मेयर कप क्रिकेट प्रतियोगितालाई आयोजना गरिने छ । यी कार्यक्रमहरु विद्यालय स्तरमा संचालन गरिनेछ ।
९. कृष्णपुर नगरपालिकामा स्थाई बसोबास गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०. मादक पदार्थ, धुम्रपान, लागु औषध जस्ता दुर्व्यसनबाट बचाउन विद्यालय, क्याम्पस, गैर सरकारी संस्था र क्लबहरु संग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ |

**(घ) सामाजिक सुरक्षा**

१. महिलाहरुलाई बिभिन्न सिपमुलक कार्यक्रम ल्याई महिलाहरुको शिप विकास गर्दै सशक्तिकरणमा बिशेष जोड दिईनेछ |

२. रानाथारु, डगौरा थारुका समस्याहरुलाई सम्बोधन गर्दै बिभिन्न मागमा आधारित कार्यक्रमलाई निरन्तरता दिईनेछ | कृष्णपुर नगरपालिका वडा नं ७ मा राना थारु र कृष्णपुर नगरापालिअक वडा नं ६ मा डगौरा थारु संग्रालय स्थापना गरिनुका साथै भलमन्सा समाज अक्षय कोष स्थापना गरिनेछ | राना थारु, चौधरी थारु समुदायमा पधना/भलमन्सा मार्फत संस्कृति संरक्षणका लागि अभियान संचालन गरिनेछ |

३. वडा नं ७ मा राना थारुको कचहेरी घर निर्माण गरिने कार्यको सुरुवात गर्नुका साथै चराईको स्थल व्यवस्थापन र भुईया निर्माण कार्यलाई निरन्तरता दिईनेछ |

४. महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, पिछडीएका वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, मुक्त कमैया, मुक्त कमलरी, सुकुम्बासी, विपन्न, सिमान्तकृत, अल्पसंख्यक, कोरोना पिडित, आप्रवासमा रोजगार गुमाएका मजदुर जस्ता लक्षित वर्गको जीवनस्तरमा सुधार ल्याउन लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विशेष कार्यक्रमहरु संचालन गरिनेछ |

५. अल्पसंख्यक, पिछ्रदिएका, सिमान्तकृत तथा दलित समुदायलाई समाजको मुलधारको अग्र पंतिमा ल्याउन बिभिन्न सचेतना कार्यक्रम ल्याईनेछ |

६. द्वन्दपीडित, अपाङ्ग, दलित, असहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चिता गरिनुका साथै जेष्ठ नागरिकलाई आश्रममा हैन घरमै सुरक्षित एवं सम्मान जनक रुपले बस्ने बातावरण बनाउने नीतिलाई निरन्तरता दिईनेछ |

७. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप प्रभावकारी बनाइनेछ |

८. दलित समुदायको परम्परागत व्यवसायलाई आधुनिक बनाई साना तथा लघु, घरेलु उधोग स्थापनामा जोड दिई अनुदानको व्यवस्था गरिनेछ |

९. बालबालिकाको रुचिलाई ध्यानमा राखी चिल्ड्रेन पार्क, इको पार्क र फनपार्कको निर्माण गरिनेछ | महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत महिला अधिकार, महिला हिंसा, बालबालिका माथि हुने विभिन्न हिंसा सम्बन्धी सचेतनामुलक कार्यक्रम लागु गरिने छ |

१०. नगरपालिका भित्र रहेका मसानघाट, समाधि स्थल निर्माण एवं व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ |

११. अपांगता भएका व्यक्तिहरुलाई कृतिम हात खुट्टा र सहायक सामग्रीहरु वितरणको कार्यलाई निरन्तरता दिइनेछ | अपांगता भएका र एकल महिलाहरुको आत्मसम्मान बढ्ने गरि आर्थिक स्वावलम्बन हुने कार्यक्रम संचालन गरिनेछ |

१२. महिला तथा बालबालिकाको लैंगिक हिँसा मुक्त नगर बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ | लैंगिक हिँसा पीडित महिला तथा बालबालिकाको लागि सामुदायिक सेवा केन्द्र संचालनलाई प्रभावकारी बनाइने छ |

१३. हिंसामा परेकाहरुलाई व्यवस्थापन गर्न सेवा केन्द्र (Safe House) को भवन निर्माण गर्न शुरुवात गरिनेछ |

१४. विपन्न, दलित, आदिवासी, जनजाती लगायत पछाडी परेका वर्ग र समुदायका लागि विशेष कल्याणकारी, आयमुलक कार्यक्रम संचालन गरिनेछ |

१५. सेवामुलक क्षेत्रहरुसँगको सहकार्यमा बेसहारा बालबालिकालाई आश्रय दिइनेछ |

१६. दिर्घ रोगी, गरिब विपन्न, घटना दुर्घटनामा परेका नगरबासीलाई आर्थिक सहयोग दिने कार्यलाई निरन्तरता दिइनेछ ।

**(ङ) वित्तीय क्षेत्र**

१. कृष्णपुर नगरपालिका भित्र सहज रुपमा वित्तीय संस्थामा पहुँच पुर्याईनेछ । साथै वित्तीय सस्थालाई समेत अनुगमन तथा नियमन गरिनेछ ।

२. वित्तीय संस्था मार्फत किसानहरुलाई सहुलित दरको कृषि ऋणमा पहुच पुर्याईनेछ ।

३. वित्तीय क्षेत्रको अभिन्न अंग सेयर मार्केटका बिषयमा कृष्णपुर नगर बासि हरुलाई जानकारी गराइनेछ ।

४. कृष्णपुर नगरका नगर बासीहरुको बचत वृद्धिका निम्ति बिभिन्न वित्तीय संस्थामा खाता खोल्ने बिषयलाई प्रोत्साहन गरिनेछ ।

५. सामाजिक सुरक्षा भत्तालाई सर्वशुलभ रुपमा वितरण गर्न वित्तीय संस्थाहरु संग समन्वय गरि घुम्ती बैंक संचालनलाई थप प्रभावकारी बनाईने छ ।

६. लगुबित्तको हरेक क्रियाकलाप र गतिविधिको अनुगमन गरिनेछ ।

**(च) रोजगारी र आप्रवासन**

१. दक्ष कामदारहरुको सिप परिक्षण (level test) गरीनेछ ।

२. कृष्णपुर नगरपालिका भित्र रहेका दक्ष व्यक्तिहरुको सूचीकरण गरिनेछ ।

३. कृष्णपुर नगरपालिका भित्र रहेका बिधार्थीहरुलाई Carrer counselling गर्नका निमित्त Carrer counselling center स्थापना गरीनेछ ।

४. जीवन उपयोगी सिपहरु सम्बन्धी तालिम संचालन गरिनेछ ।

५. कामका लागि भारत तथा अन्य देश गएर फर्किएका नेपाली आप्रवासी कामदारहरुलाई स्वदेशमा रोजगारी सिर्जना गर्न विदेशबाट फ़र्किएकाहरुको सिप विवरण संकलन गरि सोहि सिप अनुसारको कामका लागि आवश्यक वातावरण मिलाइनेछ ।

६. कृष्णपुर नगरपालिकामा अर्ध दक्ष कामदार व्यापक रुपमा रहेको अवस्थामा अर्ध दक्ष कामदारलाई दक्ष बनाई रोजगारीमा समाहित गर्न सहयोग गरिनेछ ।

७. रोजगार रणनीति २०८१ अध्यावधिक गरी कार्यन्वयनमा ल्याईनेछ ।

८. बैदेशिक रोजगारमा जान चाहने ईच्छुक कृष्णपुर नगरबासीलाई आवश्क बैदेशिक भाषाको कक्षा संचालनमा ल्याईनेछ ।

९. सुचिकृत बेरोजगारका लागि कामका लागि पारिश्रमिकमा आधारित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०. विदेशबाट फ़र्किएकाहरुले कुनै उधोग, व्यवसाय आदि संचालन गरि स्वरोजगार तथा रोजगार हुन् चाहेमा उनीहरुको लगानीमा सस्तो बैक ब्याजमा ऋण प्रासिका लागि आवश्यक सहजीकरण र योजनामा आवश्यक अनुदानको व्यवस्था मिलाईनेछ ।

११. बजारमा आत्याधिक मागमा रहेका बैण्ड बाजा बजाउने तालिम, पन्चे बाजा बजाउने तालिम, कडाई तालिम, क्रिष्टलको माला, व्याग, छल्ला, पातको दुना टपरी, टायल मार्बल बिछाउने तालिमलाई संचालन गरिनेछ ।

१२. रोजगारका लागि नगर क्षेत्रका युवाहरुलाई बिभिन्न परामर्श दाता कम्पनि संग सहकार्य गराईनेछ ।

१३. रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाइ प्रदेशमा रोगजार गुमाएका आप्रवासी कामदारलाई स्वदेशमै कृषि कार्य गर्न नगरले प्रोत्साहन गर्नेछ ।

**२. <u>सामाजिक विकास</u>**

**(क) शिक्षा**

१. आर्थिक स्रोतका अभावले कुनै पनि बालबालिका शिक्षाबाट वन्चित नहुन भन्नका लागि छात्रवृत्ति वितरण कार्यलाई वस्तुगत बनाई गरिब, जेहेन्दार तथा लक्षित समूहलाई केन्द्रित गरि आवस्यक छात्रवृत्तिलाई निरन्तरता दिईनेछ ।

२. सार्वजनिक विद्यालयका प्राधानाध्यापकहरुलाई २०० प्रतिशत भत्ता थप गरिएको छ ।

३. बिद्यालय अनुगमन तथा नियमनलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

४. सिक्दै कमाउदै कार्यक्रमका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

५. रात्रीकालिन छात्रावास संचालन गरेका तथा आगामी दिनमा संचालन गर्ने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

६. संस्थागत विद्यालयहरुले नेपाल सरकारले निर्धारिण गरेको मापदण्ड बमोजिम छात्रवृति नगरपालिकाको सिफारिसमा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

७. सार्वजनिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने कुरामा जोड दिईनेछ एवं आवश्यक नीति अवलम्बन गरिने छ । अंग्रेजी माध्यमबाट पठनपाठन गराईरहेका विद्यालयहरुलाई नगद अनुदान दिई प्रोत्साहित गरिनेछ ।

८. सार्वजनिक शिक्षाको शैक्षिक गुणस्तर सुधारमा जोड दिइने छ । विद्यालय, शिक्षक, विद्यार्थी संख्याको अनुपातमा विद्यालयको भौतिक संरचनामा सुधारको कार्यलाई निरन्तरता दिईनेछ ।

९. प्रारम्भिक बाल विकास केन्द्रहरुलाई मोन्टेश्वरी पद्धतिमा लगिनेछ । विधार्थीहरुलाई प्रारम्भिक स्कुल जाने नया ECD (बाल बिकाश केन्द्र) सम्म आकर्सित गर्न विशेष योजना लागु गर्ने कार्यलाई निरन्तरता दिईनेछ । कृष्णपुर नगरपालिका भित्र रहेका सबै बाल विकास केन्द्रलाई थप व्यवस्थित र प्रविधि मैत्री गर्न आ.व. २०८०/८१ मा आवस्यक ठेक्का प्रकृया अगाढी बढाईएकोछ । आ.व. २०८१/८२ मा सम्पूर्ण ECD हरुमा उक्त प्रविधि जडान गरि संचालनमा ल्याईनेछ ।

१०. सामुदायिक र संस्थागत विद्यालयहरु बीच गुणस्तर विकास र असल अभ्यासको आदान प्रदानको लागि साझेदारी गरिनेछ ।

११. सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याड, सनेटरी प्याड बनाउने तालिम र प्याड डिस्पोजेबल मेशिन, पिउने पानीको प्रबन्ध र शिक्षकका लागि लकर व्यवस्था गरिनेछ ।

१२. नगर भित्र रहेका बिभिन्न जातिको कला, साहित्य, संस्कृति, र भेषभूसा संरक्षणका लागि बिधालय तहहरु बाटै बिधार्थीहरुलाई उक्त कार्यमा हौसला प्रदान गरिनेछ । यसका लागि विद्यालय छनौट गरी आ.व. २०८०/८१ मा बजेटको व्यवस्था गरिको छ ।

१३. गुणस्तरीय शिक्षाका लागि नगर भित्र रहेका बिद्यालयहरुको कार्य सम्पादन एवं गुणस्तर मापन गर्ने संयन्त्र बनाई उत्कृष्ट विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक तथा उत्कृष्ट बाल बिकास केन्द्रलाई पुरुस्कारको व्यवस्था गरिनेछ ।

१४. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विधार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु परिचालन गरिनेछ ।

१५. विद्यार्थीको क्षमता विकास गर्न प्रतिस्पर्धाको माध्यमबाट अतिरिक्त क्रियाकलाप अन्तर्गत बिद्यालय स्तरीय, अन्तर बिद्यालय स्तरीय, नगरस्तरीय कार्यक्रमहरु संचालन गरिनेछन । विद्यालय स्तरीय खेलकुद प्रतियोगिताहरु तथा राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

१६. कृष्ण मा.वि. कृष्णपुर-४ मा कक्षा ११ र १२ मा बिज्ञान विषय संचालनका लागि बिशेस कार्यक्रम ल्याईनेछ ।

१७. सार्वजनिक विद्यालयमा ५५ बर्ष उमेर पुगी पेन्सन सुविधा भएका सेवा छोड्न चाहाने स्थाई शिक्षकहरुलाई प्रोत्साहनका लागि नगद अनुदान दिने नीतिलाई बजेट व्यवस्थापन सहित निरानातारता दिईनेछ ।

१८. नगर स्तरिय शैक्षिक मेला संचालन गरिनेछ ।

१९. आ.व. २०७९/८० मा सार्वजनिक बिद्यालयमा तहगत रुपमा दरबन्दी मिलान गरिएको छ तथा यस कार्यलाई थप प्रभावकारी बनाउन बिद्यालयहरुमा आवश्यक दरबन्दीको व्यवस्था मिलाउने नीतिलाई निरन्तरता दीईनेछ ।

**(ख) स्वास्थ्य**

१. आर्थिक बर्ष २०८१/८२ मा १५ शैयाको नगर अस्पताल निर्माणको कार्यको सुरुवात गरिनेछ । नगर अस्पताल निर्माण नहुन्जेल कृष्णपुर स्वास्थ्य चौकीलाई थप स्थरिय बनाई स्तरीय स्वास्थ्य सेवा दिईनेछ ।

२. कृष्णपुर नगरपालिका अन्तर्गतको कृष्णपुर स्वास्थ्य चौकीमा आर्थिक बर्ष २०८१/८२ मा आँखा उपचार केन्द्र संचालनमा ल्याईनेछ ।

३. कृष्णपुर नगरपालिका वडा नं १ निगाली आधारभूत स्वास्थ्य केन्द्रमा बर्थिंग सेन्टर स्थापना गरिनेछ ।

४. सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने वयवस्था तथा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कार्यलाई प्रभावकारी कार्यन्वयन गर्ने प्रवन्ध मिलाईनेछ ।

५. नागरिक संग मेयर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६. नगरका स्वास्थ्य संस्थाहरुबाट नगरबासीहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य लाई निरन्तरता दिईनेछ । रगत अभावका कारण कसैको पनि अकालमा ज्यान गुमाउन नपरोस भन्ने सुनिश्चिताका लागि सबै बिरामीलाई रेडक्रस मार्फत निःशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

७. कृष्णपुर नगरपालिका भित्र स्वास्थ्य शिविर, घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८. HIV संक्रमित हरुलाई ART सेन्टर सम्म जान आउन यातायात खर्च दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. उप मेयर नवजात बचत खाता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०. माहामारी नियन्त्रणका लागि कोषको स्थापनालाई निरन्तरता दिईनुका साथै औलो, डेंगु, स्क्रब, टाईफस, किट जन्य तथा अन्य रोग नियन्त्रणलाई प्राथमिकता दिईनेछ ।

११. कृष्णपुर वडा नं १,२,३ का लागि एक वडा नं ४,५,६ का लागि एक र वडा नं ७,८,९ का लागि एक एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

१२. थारु समुदायमा बंसानुगत समस्याका रुपमा रहेको सिकल सेल र थाल्सेमिया रोगहरु निःशुल्क जाँचको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३. सुरक्षित प्रसुती सेवालाई प्रभावकारी बनाउन कृष्णपुर स्वास्थ्य चौकी, गुलरिया र रैकवार बिचवा स्वास्थ्य चौकीबाट रिफर गरिएका कृष्णपुर नगरपालिकाका गर्भवती महिलाहरुलाई घरबाट कृष्णपुर नगरपालिकाका

स्वास्थ्य चौकी तथा धनगढी र महेन्द्रनगर अस्पताल सम्म निः शुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ | कृष्णपुरका स्वास्थ्य सस्थामा प्रारम्भिक उपचारका लागि आउने कृष्णपुरका नागरिकलाई (बिरामी) रिफर गर्नु पर्ने अवस्था आएमा धनगढी महेन्द्रनगरमा निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ |

१४. स्वास्थ्य बिमा कार्यक्रमलाई विशेष प्राथमिकताका साथ अगाडी बढाईने छ |

१५. गर्भवती महिलाहरुको लागि गर्भ जाच लाई प्रभावकारी बनाउँन घुम्ती अल्ट्रा साउण्ड सेवा संचालनलाई निरन्तरता दिइनेछ |

१६. शव व्यवस्थापनका लागि शव बाहनको ठेक्का प्रकृया अगाडी बढी सकेकोले आ.व. २०८१/८२ देखि शव बाहन संचालनमा ल्याईनेछ |

१७. महिला स्वास्थ्य स्वयम् सेविकाहरुको अक्षय कोष वृद्धि गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ |

१८. खोप केन्द्रलाई थप प्रभावकारी बनाउन नगरका बिभिन्न ठाउँमा खोप केन्द्र स्थापना गरिनेछ | पूर्ण खोप, पूर्ण संस्थागत सुत्केरी, पूर्ण ANC/ PNC जाच, पूर्ण वृद्धि अनुगमन, पूर्ण स्तनपान र थप आहारको सुनिश्चितता गरि कृष्णपुर नगरपालिकालाई बाल मैत्री नगरपालिका घोषणा गरिनेछ |

१९. बाल समुह, आमा समुहहरुलाई क्रियाशील गरि स्वास्थ्य कार्यक्रमहरुमा आवस्यक सहकार्य गरिनेछ |

२०. कुपोषित बालबालिकाहरुलाई पोषण पुनः स्थापना केन्द्रमा रिफरका लागि सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ |

२१. मातृ मृत्युदर र बाल मृत्युदर न्यूनीकरण गर्न सुत्केरी पश्चात कम्तिमा दुई पटक सुत्केरी जाँच गर्न (PNC home visit ) स्वास्थ्य कर्मीलाई घरमै पठाउने नितीलाई निरन्तरता दिइनेछ |

२२. जटिल प्रकृतिको प्रशुतिलाई सुबिधा सम्पन्न स्वास्थ्य संस्थामा रिफर गर्दा असहाय एवं अती विपन्न वर्गका महिलालाई यातायात खर्च दिने नितीलाई निरन्तरता दिइनेछ |

२३. नगरपालिका अन्तर्गत रहेका Private Medical, Pharmacy, Health Clinic, स्वास्थ्य प्रयोगशाला आदिको अनुगमन तथा निरिक्षणको निती अबलम्बन गर्दै स्वास्थ्य क्षेत्रलाई प्रभावकारी बनाइनेछ |

**(ग) उद्योग, व्यापार तथा बाणिज्य**

१. कृष्णपुर नगरपालिका वडा नं ७, खैरेनिजालामा औद्योगिक ग्राम र पोलिट्याकनिक इन्सटिटियुटका लागि प्रस्ताब गरीएको छ |

२. मादकपदार्थ बिक्रि वितरण र नियमनका लागि अनुमति प्राप्त पसलहरुको GPS tracking गरिनेछ र अबैध रुपमा संचालित पसलहरुलाई कार्यबाहीको दायरामा ल्याई, बिक्रि वितरणलाई पूर्ण रुपमा नियमन गरिनेछ |

३. स्थानीय उत्पादनलाई व्यवस्थित र मर्यादित बनाउन हाट बजार संचालन गरिने छ |

४. नगरपालिकामा बिभिन्न उद्योग स्थापना गर्न छुट, सहुलियत र सूरक्षा प्रदान गरी अधिकतम उद्योग स्थापनाको वातावरण निर्माण गरिनेछ |

५. नगरपालिका क्षेत्रमा संचालित उद्योग तथा व्यवसायिक फर्म दर्ता नबिकरण कार्यलाई व्यवस्थित गरिनेछ |

६. स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिनेछ |

७. सार्वजनिक निजि साझेदारीको सहकार्यमा जोड दिइने छ |

८. कृषि तथा वनजन्य उद्योग स्थापनामा प्रोत्साहन गरिने छ |

९. स्थानीय सिपकलामा आधारित डोको, नाम्लो, नाग्लो, ठेकी, टोकरी, दुना, टपरी जस्ता परम्परागत उद्योगलाई प्रोत्साहन गर्न अनुदान दिइनेछ |

१०. नगर क्षेत्रमा रोजगारी सिर्जना र घरेलु तथा साना उधोग प्रबर्धनका लागि सरोकारवाला निकायको सहकार्यमा आवश्यक कार्यहरु अगाडी बढाइनेछ |

११. घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्धन गर्दै कानून बमोजिम घरेलु तथा साना उद्योग, संघ संस्था, सहकारीहरुको दर्ता एवं नबिकरण स्थानीय तहबाटै गर्ने व्यवस्था मिलाइनेछ |

१२. नगरपालिका भित्र रहेका गौशालामा उत्पादन हुने गोबरबाट प्रांगिक मल उत्पादन गरी कृष्णपुरका कृषकहरुलाई सुफत मुल्यमा उपलब्ध गराई थप बजारीकरण गरिनेछ |

**(घ) पर्यटन/ संस्कृति**

१. कृष्णपुरको सबै भू-भागमामा समेटी मोहना लालझाडी पर्यटन विकास कार्यक्रमको गुरुयोजना निर्माण लागु गरिनेछ |

२. कृष्णपुर नगरपालिका वडा नं ४ मा रहेको सिस्ने सिमसार क्षेत्रलाई पर्यटकीय क्षेत्रमा विकास गरिनेछ |

३. कृष्णपुर नगरपालिकाक वडा नं १ देखि ९ सम्म पर्यटकीय स्थल पहिचान गरी विस्तृत अध्ययन गरिनेछ |

४. बहुल सस्कृति एवं सम्पदाहरुको संरक्षण, मौलिक संस्कृतिको जगेर्ना, सास्कृतिक पर्यटन प्रवर्धन र सबै समुदायको धार्मिक एवं सास्कृतिक मुल्य मान्यताको अभिबृद्धि गर्ने नीति लीइनेछ |

५. नगर क्षेत्रमा पर्या पर्यटन प्रवर्धन र विकासलाई प्राथमिकतामा राखिनेछ |

६. स्थानीय धार्मिक स्थलको संरक्षण र सम्बर्धनमा जोड दिइने छ |

७. राना थारुको होलि, दिवाली, डगौरा थारुको माघी, सखिया लगायत सास्कृतिक पर्वहरु, कला तथा नाचहरुलाई संरक्षण सम्बर्धन गरिनेछ |

८. परम्परागत लोकभाका, सगुन, फाग, देउडा, धुमारी, भुवा, हुड्केली लगायत अन्य संस्कृतिको जगेर्ना गरिनेछ |

९. थारु संस्कृतिलाई जिवन्त राख्न र संरक्षण गर्न कृष्णपुर नगर क्षेत्र भित्र १ भलमन्सा घर निर्माण गरिनेछ |

१०. थारु होम स्टे मार्फत आन्तरिक तथा बाह्य पर्यटकहरुलाई नगर क्षेत्रमा आकर्षित गर्ने नीति थप प्रभाकारी रुपले अगाडी बढाईनेछ | आ.व. २०८०/८१ मा कृष्णपुर वडा नं ७ कलुवापुर, वडा नं ८ माझगाउँ र वडा नं ९ को चपरतलामा होम स्टे बनाउने कार्यको सुरुवात गरिनेछ |

११. जैविक विविधताको संरक्षण र पर्यटन प्रबर्धन गर्नका लागि चिडियाखाना निर्माणको कार्यलाई संघ र प्रदेशमा आवश्यक समन्वय गरिनेछ |

१२. नगरपालिका भित्रका विभिन्न समुदायका चाड, पर्व तथा मौलिक संस्कृतिहरुको संरक्षण गर्दै पर्यटकीय गतिविधीका क्रियाकलापहरु संचालन गरिनेछ |

१३. नगरपालिकाको पूर्वी प्रवेशद्वारमा ५४ फिट अग्लो राधा-कृष्णको मुर्तिको निर्माण कार्यलाई प्रदेश, संघ एवं धार्मिक संस्था संग आवश्यक समन्वय गरिनेछ |

१४. नगरपालिकाको धार्मिक एबं पुरातात्विक महत्वको क्षेत्र पावन भुमी ग्वासी समैजी धामलाई आधुनिकीकरण गरि धार्मिक पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गरिने छ र सो संस्थालाई निरन्तर सहयोग गरिनेछ |

१५. नगरपालिका भित्र रहेका विभिन्न धार्मिक मठ, मन्दिर, धर्मशाला, सत्संग भवन, चर्च निर्माण एवम् मर्मत सम्भारका लागि आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ |

**(ङ) सहकारी क्षेत्र**

१. विधुत सहकारी संग सहकार्य गरी गाउँ घरमा उज्यालो कार्यक्रम र सुरक्षाका निमित्त सार्वजनिक स्थलमा CCTV क्यामरा जडानमा आवस्यक सहकार्य जोड दिईनेछ |

२. सबै प्रकारका सहकारी (बहुउदेशीय, ऋण तथा बचत, महिला सहकारी, बिधुत सहकारी, कृषि सहकारी, आदि) संग निरन्तर समुन्वय र नियमन गरिनेछ |

३. कृष्णपुर नगरपालिका भित्र रहेका सहकारीहरुलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्नका लागि प्रोत्साहन गरिने छ |

४. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थामा आवद्ध भएका एकल महिला, अति बिपन्न र अपाङ्गता भएका सेयर सदस्यलाई स्वरोजगार गराउने उधेश्यले क्रमिक रुपमा सहकारी मार्फत त्यस्ता सदस्यहरुलाई सस्तो व्याजदरमा व्यावसाय संचालन गर्न घुम्ती कोषको रुपमा ऋण उपलब्ध गराईने छ |

५. नयाँ गठन भएका र निष्क्रिय सहकारी संस्थागत क्षमता अभिबृद्धिका लागि सहकारी शाखा संगको परामर्शमा आवश्यक तालिम दिईनेछ | साथै, सहकारी संस्थाको कारोबारलाई डिजिटल प्रविधिमा रुपान्तरण गर्न निःशुल्क तालिम उपलब्ध गराइने छ | महिलामात्र सदस्य भएका सहकारी संस्थाहरुलाई अनुदान दिने व्यवस्थामा प्राथमिकता दिईनेछ |

६. कृषी सहकारीको विकासका लागि आवश्यकताका आधारमा सहयोग प्रदान गरिने छ|

७. COPOMIS प्रणालीको प्रयोगमा जोड दिई नगर भित्र संचालनमा रहेका सहकारिहरुलाई उक्त प्रणालीमा ल्याईनेछ |

८. कृषि सहकारी र महिला सहकारीलाई प्रस्तावना लेखन तालिम दिईनेछ |

## ३. <u>भौगोलिक तथा पूर्वाधार विकास</u>

### (क) सडक तथा यातायात

१. नगर भित्रका सबै सडकहरुलाई नगरपालिकाका साधन स्रोत प्रायोग गरि स्तरोन्नति गरिनेछ |

२. कृष्णपुर २ संग जोडिएको हाल लालझाडी-५ कायम रहेको वडाको सिमांकन नक्सामा फरक देखिएकोले कृष्णपुरको नक्सामा देखिएको भूगोललाई यस नगरपालिकामा ल्याउन जिल्ला समन्वय समिति मार्फत पहल गरिएकोछ |

३. सिमा विवादका कारण प्रयोगमा नआएको गडविजुला तालको सिमाना विवादको टुंगो लगाउन र प्रयोगमा ल्याउन जिल्ला समन्वय समिति मार्फत पहल गरिने छ |

४. नगरपालिका केन्द्र लाई वडा केन्द्र सम्म जोड्ने सडक कालोपत्रे गर्ने कार्यलाई प्राथिमिकता दिईनेछ |

५. कृष्णपुर पूर्वाधार गुरुयोजना सहित कृष्णपुर चक्रपथ निर्माणका लागि DPR गर्ने कार्यलाई अगाडी बढाईनेछ |

६. आ.व. २०७९/८० मा भवन संहित (Building ByLaws) निर्माण गरिएको छ | आ.व. २०८०/८१ देखि यसको प्रभावकारी कार्यान्वयन भएकोछ |

७. संघ र प्रदेश सरकार संग समन्वय गरी मालुवेला- धनगढी, बाणी-डोकेबजार, बक- नायल सडकलाई यथासिघ्र सम्पन्न गर्न पहल गरिनेछ |

८. सहरी पूर्वाधार विकास सम्बन्धि गुरुयोजना बानाई कार्यान्वय गरिनेछ |

९. नगरपालिका भित्र पर्ने खोला, नाला र खोल्सा खोल्सीहरुमा पक्की पुल, झोलुङ्गे पुल, स्ल्याब कल्भर्ट र होमपाइप कल्भर्टहरुको निर्माण कार्यलाई आवश्यकताका आधारमा निरन्तरता दिईनेछ |

१०. नगर क्षेत्र भित्र रहेका सार्वजनिक महत्वका स्थान र स्थानीय सडकहरुको नामाकरण गर्ने कार्य गरिनेछ |

११. नगरपालिकाका बिभिन्न स्थानमा आवश्यक पर्ने पक्की पुल एवम झोलुंगेपुलहरूको निर्माणका लागि पहल गरिने छ |

१२. नगर भित्र रहेका झुलुंगे पुलहरुलाई मर्मत गर्ने कार्य गरिनेछ |

१३. ADB को कार्यक्रमलाई कृष्णपुर नगरपालिकामा ल्याउन पहल गरिएकोछ |

### (ख) सिचाई

१. कृष्णपुर नगरपालिका भित्र महाकाली सिचाई आयोजना तेस्रो चरणको नहर निर्माण कार्यमा सहजीकरण गरिनेछ ।
२. नगरपालिका भित्रका सम्पूर्ण खेति योग्य जमिनमा सिचाई सुविधा पुर्याइनेछ ।
३. कृषी कार्यका निम्ति थोपा सिचाई, सौर्य सिचाई प्रणाली, साना सिचाई, भूमिगत सिचाईको कार्य लाई निरन्तरता दिईनेछ ।
४. कृषि उपज क्षेत्रमा सिचाइको व्यवस्थाका लागि नहरको व्यवस्थापनका गर्न पहल गरिने छ ।
५. संघ तथा प्रदेश सरकार संग समन्वय गरी स्यालो तथा डिप ट्युवेल व्यवस्था गरिनेछ।

**(ग) भवन तथा शहरी विकास**

१. भवन निर्माण आचारसंहिता अनुसार निर्माण भएका तर स्वीकृति नलिएको भवनहरुको निश्चित मापदण्डका आधारमा स्वीकृति दिने व्यवस्था मिलाईएको छ । साथै घर नक्सा पासको कार्यलाई समय सापेक्ष बनाइ भवन निर्माण आचारसंहिता प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्यलाई नियमितता दिईनेछ ।
२. भू-उपयोग योजना र बस्ती विकास योजना निर्माण गरि लागु गरिने छ ।
३. नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिनेछ ।
४. सार्वजनिक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि अतिक्रमणलाई रोक लगाइनेछ ।
५. एक घर दस बिरुवाको अभियान संचालन गरि पारिवारिक निजी वन स्थापनामा जोड दिईनेछ ।
६. आवास क्षेत्रमा बोट बिरुवा लगाउने एवं संरक्षण गर्ने कुरालाई प्रोत्साहित गरिनेछ ।
७. वडा नम्बर ६ र ९ को वडा कार्यालय को भवन निर्माणको कार्यलाई निरन्तरता दिइने छ ।
८. सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**(घ)बिद्युत तथा बैकल्पिक उर्जा**

१. बैकल्पिक उर्जा केन्द्र सङ्गको साझेदारीमा आवस्यक बैकल्पिक उर्जाको व्यवस्था मिलाईनेछ ।
२. सबै नगरवासीले बिद्युतको उपयोग गर्ने व्यवस्था मिलाई अध्याँरोमुक्त नगर घोषणा गरिने छ ।
३. बैकल्पिक उर्जाको विकास ग्रामिण भेग सम्म विस्तार गरिने छ ।
४. फोहोर व्यवस्थापन तथा बायो ग्यास निर्माण गर्न पहल गरिनेछ ।
५. पुर्व-पश्चिम राजमार्ग, सार्वजनिक महत्वका स्थान र मुख्य मुख्य चोकहरुमा सौर्यबत्ति जडान गर्ने तथा नेपाल विधुत प्राधिकरणको साझेदारीमा सडक सौर्य बत्ति बिस्तार गरि उज्यालो मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**४. <u>वातावरण तथा विपद व्यवस्थापन</u>**

**(क) <u>वन तथा भू-संरक्षण</u>**

१. काठको आपूर्ति डिपो स्थापनाको लागि आवस्यक पहल गरिनेछ ।
२. नगर क्षेत्र भित्रका आयघटमा शब दाहका निमित्त दाउराको सहज उपलब्धताको लागि सामुदायिक बन संग आवयक समन्वय गरिनेछ ।
३. सामुदायिक बनहरुले अनिवार्य रुपमा बार्षिक योजना, बार्षिक आम्दानि र खर्च नगरपालिकाबाट स्वीकृत गर्नु पर्नेछ ।
४. सामुदायिक बनहरुले बन विकास, सामाजिक विकास तथा भौतिक बिकासका निम्ति गर्नु पर्ने कार्य अनिवार्य रुपमा नगरपालिकाको सहमति लिई गर्नु पर्नेछ ।
५. सामुदायिक बनहरुले उपभोक्ताहरुलाई काठ वितरण गर्नु पर्व अनिवार्य रुपमा नगरपालिका संग अनुमति लिनु पर्ने छ । वितरण गरेको काठको विवरण अनिवार्य रुपमा वडा कार्यालयमा बुझाउनु पर्नेछ ।

६. सामुदायिक बनको हेरचाह गरि रहेका बन हेरालुको सूची नगरपालिकाले तयार पार्नेछ ।
७. बनमा पर्याप्त मात्रामा ढला पाडा र सुका पडा र नदीमा दबु काठ हुदै गर्दा सो काठ संकलन नगरी विदेशबाट काठ आयात गर्ने कुरालाई निरुत्साहित गर्न उद्धेश्यका निमित्त विदेशी काठलाई कृष्णपुर नगरपालिकाका सार्वजिक तथा सामुदायिक भवनहरुमा प्रयोग गर्न निषेध गरेको छ ।
८. नदि नालामा रहेको दबु काठ, ढला पाडा, सुका पडा र सार्वजनिक स्थलमा रहेको काठको लागि प्रदेश र संघीय सरकार संग पहल गरिनेछ ।
९. सामुदायिक बन संग समन्वय गरी बन संरक्षणका सम्बन्धमा स्पस्ट नीति ल्याईनेछ ।
१०. बिगत देखि रोकिएर रहेको गडबिजुला ईको पार्कको ठेक्का प्रकृया पुनः सुचारु गर्न पहलका निमित्त IEE निर्माण गरिएको छ ।
११. कृष्णपुर नगरपालिका भित्र सार्वजनिक स्थानहरु, बाटोको किनारा लगायत सार्वजनिक ठाउँ र निजि जग्गामा समेत वृक्षारोपण कार्यलाई उच्च प्राथमिकता दीईनेछ ।
१२. कृष्णपुर नगरपालिकाले निजि बनलाई विस्तारका निमित्त निजि बन दर्ता प्रकृया सुरु गरेको छ ।
१३. एक सामुदायिक बन एक बिशेष जातका रुख हरुको वृक्षारोपण कार्यक्रमका निमित्त सामुदायिक बन संग समन्वय गरिनेछ ।
१४. सामुदायिक वन संग साझेदारीमा हरित पार्क, Eco-Park, Children Park, पिकनिक स्थल निर्माणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१५. हरियाली सामुदायीक बनको सहकार्यमा बाँस र बेत लगाउने कार्यलाई निरन्तरता दिईनेछ । सामुदायिक बन संग समन्वय गरि बन भित्र फलफूलका बिरुवा, चन्दन र श्रीखण्डका साथै अन्य बहुमुल्य बिरुवाहरु रोप्नलाई प्रोत्साहित गरिनेछ ।
१६. नगर भित्र बहुउदेश्यीय नर्सरी निर्माणको कार्यलाई प्राथमिकता दिईनेछ ।
१७. कृष्णपुर नगरपालिकाले छोएका बन जङ्गललाई मेस वायरले घेरा गरि बन जङ्गल संरक्षण र खेती बालीलाई जङ्गली जनावर बाट बचाउने कार्य गरिनेछ ।
१८. नगरभित्र रहेका सबै सामुदायिक वनहरुमा सम्भाव्यता अध्ययन गरि जडिबुटी खेति तथा जडीबुटी प्रशोधन केन्द्र स्थापना गरिने छ ।

**(ख) जलवायु परिवर्तन र जल उत्पन्न प्रकोप नियन्त्रण**

१. कृष्णपुर नगरपालिकाले बिपत प्रतिकार्य योजाना, बातावरण ऐन तयार पारेको छ साथै समय सापेक्ष अन्य नीति नियम बनाउदै लगिनेछ ।
२. Disaster Mapping गरि जोखिम युक्त घरधुरी पहिचान गरी आवस्यक सहयोग कार्यक्रम अगाडी बढाइनेछ ।
३. बढ्दो जलवायु परिवर्तन बारे नगरवासीलाई सुसुचित गराउन सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
४. आवस्यकता अनुसार बिपत प्रतिकार्य सम्बधी नीति, नियम बनाउदै लगिनेछ ।
५. स्थानीय विपद तथा जलवायु उत्थानशील योजनामा भएका कार्यक्रमलाई मुलप्रवाहिकरण गरिने छ ।
६. बस्ती व्यवस्थापन गरि ढल निकासलाई व्यवस्थित गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सबै संग सहकार्य र समन्वय गरिने छ ।
७. यस नगरपालिकाको वडा नं १ — ९ मा नदि कटानको क्षेत्रमा नदि नियन्त्रणका लागि गुरुयोजना बनाई कार्यान्वयन गर्न पहल गरिने छ ।

८. जल उत्पन्न प्रकोप नियन्त्रणका क्षेत्रमा कार्यरत संघ संस्थाको सहकार्यमा काम गरिनेछ ।
९. जनताको तटबन्ध, जलश्रोत तथा सिचाई बिकास डिभिजन, चुरे संरक्षण जस्ता कार्यालय संग समुन्वय गरि बस्ति संरक्षणका लागि तटबन्ध निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।

**(ग) विपद व्यवस्थापन**

१. विपद व्यवस्थापन बारे पुर्व तयारि, खोज उद्दार, प्राथमिक उपचार, राहत, पुनर्स्थापना समिति निर्माण गरि विपद व्यवस्थापनमा विशेष ध्यान दिईनेछ ।
२. विपद व्यवस्थापनमा सहजता ल्याउनका लागि त्रिपाल, म्याट, कम्बल, fire extinguisher, life jacket लगायतका अत्यावश्यक सामग्री तथा आवश्यक खाद्यान्न भण्डारण गरिने छ ।
३. विपद व्यवस्थापन प्राणाली (https://bipadportal.gov.np/) को प्रभावकारी प्रयोगमा बिशेष जोड दिईनेछ।
४. अग्नि नियन्त्रणका लागि नगरपालिकाले आ.व. २०८१/८२ मा दमकल खरिद गरिनेछ र अन्य नगरपालिकको साझेदारीमा दमकलको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
५. विपद व्यवस्थापनका लागि स्थापित विपद/ प्रकोप व्यवस्थापन कोषलाई व्यवस्थित गरि पिडित मैत्री बनाई संचालन गरिने छ ।
६. विपद व्यवस्थापन नगर कार्ययोजनालाई प्रभावकारी बनाई विपद व्यवस्थापन शाखालाई विपद पुर्व तयारी गर्ने कार्यको लागि थप जिम्मेवार बनाईनेछ ।
७. वन्यजन्तुबाट हुने क्षतिबाट प्रभावितहरुलाई राहत तथा पुनस्थापनाका लागि आवस्यक कोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
८. विपद पुर्व अभ्यासका साथै विपद पुर्व सूचक प्रणालीको विकास गरी ठाउँ ठाउँमा विपद सूचक व्यक्तिहरु नियुक्त गरि विपद पुर्व तयारी प्रणालीलाई प्रभावकारी बनाईने छ ।
९. नगर क्षेत्रमा रहेका खोला नदि नालाको कटानीबाट हुने क्षति घटाउनका लागि उच्च जोखिम रहेका स्थानलाई पहिचान गरी प्राथमिकतामा राखी सरोकारवाला निकायसंगको सहकार्यमा जैविक तटबन्ध र तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

**५. <u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>**

**(क) मानव संशाधन विकास**

१. कर्मचारी आवश्यकता अवस्थालाई मध्यनजर गरि कर्मचारी दरबन्दीको खाकालाई व्यवस्थित गर्नका लागि (O&M) गरिएको छ । उक्त खाका अनुसार शाखाहरुलाई व्यवस्थित गरिनेछ ।
२. नगरपालिकाले तयार गरेको Capacity Development Plan का आधारमा नगरपालिका भित्र रहेका कर्मचारी एवं विभिन्न संस्थाहरुको क्षमता बिकासमा बिशेष जोड दिईनेछ ।
३. कर्मचारिहरुलाई कार्य क्षेत्रगत शर्त सहितको जिम्मेवारी दिइनेछ एवं सोही आधारमा कर्मचारीहरुको कार्य मुल्यांकन एवं कार्य सम्पादनलाई जोडिने छ ।
४. अन्य निकायबाट समायोजन र सरुवा भई आउने जनशक्तिलाई आवश्यक क्षमता र कार्यालयको आवश्यकताको आधारमा मात्रै स्वीकार गर्ने व्यवस्था गरिनेछ र उचित जिम्मेवारी दिइने छ ।
५. कामको मुल्यांकनको आधारमा उत्कृष्ट कर्मचारी घोषणा गरि विशेष पुरुस्कारको व्यवस्था गरिने छ ।
६. जनप्रतिनिधी एवं कर्मचारीको समय सापेक्ष क्षमता अभिवृद्धिको लागि अध्ययन, अनुसन्धान, तालिम भ्रमण, अनुभव साटासाट गर्ने व्यवस्था मिलाईने छ ।

७. नगरपालिकामा कार्यरत अस्थायी, करार र ज्यालादारीका कर्मचारीहरुलाई संघीय कानुन बमोजिम सेवा सुविधा उपलब्ध गराउन प्रयास गरिनेछ  एवं कार्य सम्पादन उचित नभएमा संघीय, पदेश एवं स्थानीय कानून बमोजिम दण्ड दिईनेछ ।
८. नगरका सम्पन्न गरिएका कार्यक्रम र सेवा प्रवाहको नागरिक संघ संस्था मार्फत सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतको कार्यलाई निरन्तरता दिइनेछ ।
९. वार्षिक रुपमा नगरपालिकाले गरेका कामहरुको समीक्षात्मक रुपमा वार्षिक/ अर्ध वार्षिक समिक्षा कार्यक्रम गरि लिपिबद्द गर्न पुस्तक प्रकाशन गरिनेछ ।

**(ख) सुरक्षा व्यवस्था**

१. आ.व. २०७९/८० मा कृष्णपुर नगरपालिकाको वडा नं ६ को मंगलनगर (गजरौला), वडा नं १ को पहरिया अस्थाई प्रहरी पोष्ट राखिएको छ र आ.व. २०८१/८२ मा वडा नं ९ को चपरतलामा अस्थाई प्रहरी पोष्ट राख्न पहल गरिनेछ ।
२. इलाका प्रहरी कार्यालय गुलरियाको स्तरोन्नति गरि क श्रेणीको बनाउन पहल गरिनेछ।
३. सवारी दुर्घटना न्यूनीकरण गर्न, ट्राफिक व्यवस्थापन गर्न, बजार व्यवस्थापन तथा चोरी निकासीमा कमि ल्याउनका लागि राजमार्ग र नगरकाका मुख्य स्थानमा सी.सी.टि.भि क्यामरा जडान गरिनेछ ।
४. अस्थायी प्रहरी पोष्ट बाणीलाई स्तरोन्नति गरि इलाका प्रहरी कार्यालय बनाउन पहल गरिनेछ ।
५. नगर प्रहरीको व्यवस्थापन गरि राजश्व संकलन, नगर सरसफाई, फोहर व्यवस्थापन र नगरको शान्ति सुरक्षा र अमनचयनका लागि नगर प्रहरी गठन गरि परिचालन गरिने छ ।
६. निर्माण सामग्री थुपारी सडक असुरक्षा बढाउने, सडक किनारमा पसल संचालन गर्ने, राजमार्गमा घरपालुवा जनावर बाध्ने र छाडा छोड्ने व्यक्तिलाई कानुनी कारवाहीको दायरामा ल्याईने छ ।

**(ग) सूचना प्रबिधि**

१. नगरपालिकामा रहेका डाटा व्यवथापन गर्नका निमित्त डाटा व्यवस्थापन कार्यविधि निर्माण गर्नेछ ।
२. शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला बिकास, विपद व्यवस्थापन, आदि जस्ता क्षेत्रहरुमा विद्युतिय प्रणालीको प्रयोगमा विशेष जोड दिने कार्यलाई निरन्तरता दिईनेछ ।
३. नगरपालिका आवस्यक गाडीहरु लाई ट्र्याक गर्नका निमित्त GPS प्रणाली सहितको Vehicle Tracking System जडान गरिनेछ ।
४. सूचना प्रविधि बिभागले उपलब्ध गराएको सरकारी cloud server मा सम्पूर्ण आवस्यक प्रणालीलाई host गरी data security, data backup,  सेकुरिटी audit गर्ने कार्यलाई निरन्तरता दिईनेछ । लागु भएका सम्पूर्ण सफ्टवयर प्रणालिहरुको सोर्स कोड नगरपालिकामा सुरक्षित गरेर राखिनेछ ।
५. सेवा प्रवाह, सूरक्षा, सु-शासन, पारदर्शिता जस्ता लोकतान्त्रिक अभ्यासहरुमा सूचना प्रविधिको प्रयोग बढाउनका लागि service delivery, office automation tool, सार्वजनिक स्थलमा CCTV क्यामेरा जडान, टोकन सिस्टम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड, ईन्टरनेट सेवा बिस्तार, Free Wifi Zone,  जस्ता प्रविधिहरु आवस्यक स्थानमा प्रयोग गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
६. सूचना प्रवाहमा सूचना प्रविधि शाखालाई थप जिम्मेवार बनाई सुचनाको प्रवाहलाई छीटो, छरितो एवं सहज बनाउदै लगेर जाने कार्यलाई निरन्तरता दिईनेछ ।
७. सूचना प्रबिधिमा डिजिटल डिभाइड दुर गर्दै सूचना प्रविधिको स्मार्ट नगरपालिका निर्माण, कार्यालय संचालनमा प्रविधिको प्रयोग जस्ता विषयहरुलाई जोड दिएर जनप्रतिनिधि, एवं कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८. नागरिकलाई सूचना प्रविधिका माध्यमबाट सेवा दिने उदेश्यले डिजिटल नागरिक सूविधा केन्द्रको स्थापनालाई विशेष जोड दिईनेछ ।

९. नगरपालिकाले तयार गरेको नगर प्रोफाईललाई अध्यावधिक गरी नगरपालिका क्षेत्र भित्रका विभिन्न श्रोतहरुको (विद्यालय, विभिन्न सरकारी निकायहरु, बैंक, मन्दिर, अस्पताल, विभिन्न फर्महरु, आदीको) Digital श्रोत नक्शा तयार पारिनेछ ।

१०. Paper less local governance संचालनको लागि आवयक प्रकृया अगाडी बढाईनेछ |

११. सूचना प्रबिधिमा सबै नागरिकको पहुँचलाई सर्वसुलभ बनाउने कार्यलाई निरन्तरता दिईनेछ |

१२. कृष्णपुर नगरपालिकाले संचालन गरेको गुनासो व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउदै जन सहभागिता बढाउने व्यवस्था मिलाईनेछ |

१३. अन्तरविषयक क्षेत्र (Cross cutting issues) जस्तैः- दिगोपना, लैगिंक समावेशीकरण, किशोर-किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति, सांस्कृतिक विविधता, स्थानीय विषय (Local content), संग सम्बन्धित विषयहरुमा सूचना प्रविधिको अधिकतम प्रयोगलाई निरन्तरता दिईनेछ |

१४. सूचना प्रविधि सम्बन्धी सफल भएका क्षेत्रीय तथा राष्ट्रिय अभ्यासहरु अबलम्बन गरी IoT (Internet Of Things) को प्रयोगलाई निरन्तरता दिईनेछ |

१५. बदलिदो यस डिजिटल युगमा समय समयमा हुने अनलाइन meeting, video conferencing लाई व्यवस्थित बनाउन अत्याधुनिक video conferencing hall निर्माण गरिनेछ |

१६. कृष्णपुर नगरपालिकामा घर नक्सा पास गर्ने प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई सेवा प्रवाहमा सहजता ल्याइनेछ |

**(घ) सुशासन, संस्थागत विकास र सेवा प्रवाह**

१. जीवनयापन गर्न आवश्यक पर्ने आधारभूत सेवाहरु गास, बास, कपास, पोषण, खानेपानी, सरसफाई जस्ता सेवाहरु सर्वसुलभ बनाउने कार्यलाई निरन्तरता दिईनेछ|

२. उद्योग धन्दा , कलकारखाना आदि खोल्न इजाजत दिने, दर्ता गर्ने, प्राबिधिक सेवा सुबिधा सहज गरिने छ |

३. कृष्णपुर नगरपालिकाको कार्यालय व्यवास्थापन गर्नका निमित्त ठोस नीति ल्याई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ |

४. जनताले अपेक्षा गरे अनुरुप सेवा प्रवाह गर्ने, सेवा प्रवाहमा जनताको सहज पहुँच स्थापित गर्ने, सेवा प्रवाहमा जनसहभागिता अभिवृद्धि गर्ने, सेवामा गुणस्तरियता कायम गर्ने, जनताको आवश्यकता अनुरुप सेवा वितरण गर्ने, सेवा प्रवाह छिटो छरितो सहज र सरल बनाउने, समानताको आधारमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ |

५. स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन नगरपालिका र प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र, हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनुवाई, अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी बनाईने छ |

६. नगरपालिकाबाट प्रदान हुने सेवा सुविधाहरुलाई पारदर्शी, गुणस्तरीय र जनअपेक्षा अनुरुप बनाउने कार्यको लागि सम्पूर्ण प्रयासहरु गरिनेछन |

७. यस नगरभित्र कार्य क्षेत्र बनाई काम गरिरहेका राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय गैससलाई सुचिकृत गरिनेछ |

६. <u>आर्थिक व्यवस्थापन तथा राजश्व परिचालन</u>

१. आर्थिक बर्ष २०८०/८१ लाई राजस्व संकलन र कर बर्षको रुपमा घोषणा गरिएकोछ |

२. स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्थाको पूर्ण रुपमा पालना गर्दै वित्तीय प्रशासन सुधारका लागि व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको बिकास गर्ने र राजश्व परिचालनका दायरा बढाउन राजश्व

सम्बन्धी अध्ययन गरिनेछ | करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट अधिकतम राजश्व संकलन गर्ने नीतिलाई अगाडी बढाईने छ |

३. नगरको स्रोत अभिवृद्धिका लागि कर, राजश्व, शुल्क आदि व्यवस्थित र नियमन गर्न अभियान संचालन गरिनेछ | करको दर वृद्धि गर्नेभन्दा पनि दायरा वृद्धि गरि कर संकलन गर्ने कार्य अगाडी बढाइनेछ |

४. प्रशासनिक संरचना र कार्यालयलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अबलम्बन गरिनेछ |

५. कार्यक्रमका सम्पूर्ण कामकारवाहीलाई Digitize गरिनेछ सो को दिर्घकालिन सुरक्षामा जोड दिईने छ |

६. कृष्णपुर नगरपालिकाबाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परिक्षणमा निरन्तरता दिईने छ |

७. नगरको राजश्व सम्भाव्यता अध्ययन गरि नगर राजश्व सुधार कार्ययोजना निर्माण गरि कार्यान्वयन गरिनेछ |

८. नगरपालिकामा आवश्यक पर्ने निती, नियमावली तथा कानुन निर्माण एवं समय सापेक्ष संशोधन गर्ने कार्यलाई निरन्तरता दिइनेछ |

**(क) तथ्यांक, अभिलेखीकरण तथा अनुसन्धान**

१. बिकास निर्माण लगायत अन्य आवश्यक स्थानहरुमा ड्रोनका माध्यमबाट बिवरण राखिनेछ | आवस्यक परेमा कृष्णपुर नगरपालिका बाट संचालित हुने विकास निर्माणका योजनाहरु लाई ड्रोनका माध्यमबाट अभिलेखीकरण गरिनेछ |

२. नगरको तथ्यांक र अभिलेखलाई व्यवस्थित गर्न नगरपालिकाका सबै प्रकारका आवश्यक सुचनामुलक सामग्रीको दस्ताबेजीकरण गर्नुका साथै सूचना प्रविधि शाखा/योजना शाखालाई तथ्यांक भण्डारण गर्ने शाखाको रुपमा विकशित गरिनेछ |

३. नगरको समग्र विकासका लागि तयार गरिएको अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजनाहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ |

४. नगर आवधिक र गुरु योजनालाई प्रभावकारी कार्यान्वयनमा ल्याईने छ |

५. प्रत्येक जनप्रतिनिधि र कर्मचारीलाई तथ्यांकमा जिम्मेवार बनाईने छ |

६. आन्तरिक नियन्त्रण प्रणालीलाई कार्यविधि बनाई व्यवस्थित गरिने छ |

**(ख) लेखापरिक्षण**

१. आन्तरिक लेखापरिक्षणलाई व्यवस्थित र प्रभावकारी बनाईने छ |

२. पुँजीगत शिर्षक तर्फको आ.ले.प. गरिनेछ साथै चौमासिक रुपमा आ.ले.प. गरि प्रतिवेदन र खर्चको फाटवारी नगरपालिकाको वेब साईट मार्फत सार्वजनिक गर्ने कार्यलाई अगाडी बढाईनेछ |

३. महालेखा परिक्षकको कार्यालयबाट औल्याईएका लेखापरिक्षण प्रतिबेदनलाई आधार मानि आर्थिक क्रियाकलाप चुस्त दुरुस्त रुपमा संचालन गरिने छन |

४. बेरुजु समपरीक्षण र बेरुजु फछ्र्यौटमा जोड दिईने छ |

५. आर्थिक अनुशासनमा विशेष ध्यान केन्द्रित गर्ने नीति अबलम्बन गरिने छ |

**<u>(७) कानून मामिला तथा न्यायिक निरुपण</u>**

१. न्यायमा सहज पहुँच अभिबृद्धिका लागि न्यायिक समितिको क्षमता विकास गरिने गरी न्यायमा सहज पहुँच स्थापित गर्न कानूनी ज्ञान एवं सचेतना अभिवृद्धि कार्यक्रमहरु संचालन गरिनेछ | साथै, न्यायमा पहुँच स्थापित गर्न समुदाय स्तरमै मेलमिलाप केन्द्र स्थापना गरी थप व्यवस्थित गरिनेछ |

२. "**न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो**" भन्ने न्यायको सिद्धान्तलाई अङ्गीकार गर्दै कृष्णपुर नगरपालिका न्यायिक समितिबाट छिटो, छरितो र पारदर्शी रुपमा न्याय सम्पादन गर्ने कार्यलाई बिशेष जोड दिईनेछ ।
३. नेपालको संविधानको धारा २१७ बाट प्रदत्त स्थानीय तहको न्यायिक अधिकार अन्तर्गत कृष्णपुर नगरपालिका न्याय प्रणालीलाई स्वतन्त्र, पारदर्शी, पहुँच योग्य, सक्षम एवं विश्वसनिय बनाईने छ ।
४. न्यायिक समितिका पदाधिकारीका लागि क्षमता विकास तालिमको आयोजना गरिनेछ ।
५. पधना/भलमन्सा प्रणाली संरक्षण प्रवर्धन र बिकाश गर्न बनेको बिधेयक, २०७९ पारित गरि जारि गरिएको छ ।
६. न्यायिक समितिको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
७. न्यायिक इजलासको व्यवस्थापन गरिनेछ ।
८. वर्तमान कानुनी व्यवस्था सम्बन्धि प्रशिक्षण, कानुनी साक्षरता तथा परामर्श कार्यक्रम संचालन गरिनेछ ।
९. सबै नगरबासीहरुलाई छिटो, छरितो, पहुचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकासको निती अबलम्बन गरिनेछ ।
१०. मेलमिलाप तथा विवाद रुपान्तरण क्षेत्रमा कार्यरत व्यक्ति, संघ, संस्थाहरुलाई समेत सहभागिता गराइने नीति अबलम्बन गरि नगर तथा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना गरिनेछ ।
११. वडा र नगर तहमा मेलमिलाप केन्द्र संचालनका लागि क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१२. मेलामिलापकर्ताको लागि मेलमिलाप सम्बन्धि पुनर्ताजगी तालिमहरु सन्चालन गरिनेछ ।

**८) भूमी वयवस्थापनः**

१. कृष्णपुर नगरपालिका वडा नं १,२, ३, ४, ८ र ९ मा अव्यवस्थित बसोबासिको जग्गा नापी गरिएकोछ र बाँकी रहेका ५, ६ र ७ नं वडाहरुको नापी आ.व. २०८१/८२ को प्रारम्भमै गरिनेछ ।
२. कृष्णपुर नगरपालिका भित्रका भुमिहिन, सुकुम्बासीलाई जग्गा व्यवस्था गरिनेछ ।
३. भूमिको चक्लाबन्दी गरि सामुहिक कृषि कार्यलाई प्रोत्साहन गरिनेछ ।
४. भूमिको उत्पादकत्व बढाउन जैविक र प्राङ्गारिक मल उत्पादनमा जोड दिइनेछ ।
५. भुमि बाँझो राख्न नहुने कुरा विशेष जोड दिईनेछ ।
६. भुमिलाई भाडामा लिई गरिब, द्वन्द पिडित, आप्रवासी मजदुरलाई निःशुल्क खेती गर्न दिईनेछ ।

**९) उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनः**

१. उपभोक्ता हित सरक्षण र प्रवर्धनको लागि उपभोक्त र बिभिन्न पेशा व्यवसायीहरुलाई उपभोक्ता हित सम्बन्धी ऐन, कानून विषयमा जानकारी तथा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विषयका बिशेषज्ञ सहित बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।
२. व्यवसाय दर्ता नगरेका व्यवसायीलाई कृष्णपुर नगरपालिकामा व्यवसाय दर्ता गर्ने तथा व्यवसाय दर्ताको अनुगमन कार्यमा निरन्तरता दिइनेछ ।

**१०) बिबिध**

१. लोक सेवा र शिक्षक सेवा आयोग लाई लक्षित गर्दै गरिब, जेहेन्दार र महिला विधार्थीलाई ३ महिने आयोग तयारी कक्षा संचालन गरईनेछ ।

२. मुक्त कमैया, एकल तथा दलित महिला लगायत जीवन स्तर सुधारका लागि उनीहरुकै रोजाईको आय आर्जनका कार्यक्रम छनौट गरी त्यस्ता कार्यक्रम संचालन गर्न अनुदान तथा समन्वयको वयवस्थालाई निरन्तरता दिइनेछ ।

३. नगर भित्रको जनसंख्या, घर जग्गाको स्वामित्व, बिभिन्न व्यक्तिको पेशा, रोजगार, व्यवसाय लगायतका व्यक्ति संग सम्बन्धित विभिन्न तथ्यांक संकलन गर्दै डिजिटलाईज गरिनेछ र यस्तो तथ्यांकका आधारमा नगरपालिकाले प्रदान गरिएने सेवा डिजिटल माध्यम बाट प्रदान गरिएन्छ ।

४. वडा र नगरपालिकाबाट विभिन्न किसिमका सिफारिस लिन अनलाइन माध्यमबाट लिने व्यवस्था मिलाईनेछ ।

५. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाको नापी गरि नगरपालिका मातहत ल्याइनेछ ।

६. ९ वटा वडालाई १२ वटा वडामा बिस्तार गर्ने नीति लीईएकोछ ।

७. नगरको विकासका लागि सम्बन्ध विस्तारलाई अगाडी बढाईनेछ । स्वदेश र विदेशका शहरहरुसंग भगिनी सम्बन्ध जोड्ने निती लिईनेछ ।

८. मदिरा बिक्रि वितरणलाई निश्चित मापदण्डको आधारमा व्यवस्थित गर्न लगाइने नीति कडाईका साथ अबलम्बन गरिने छ ।

९. कृष्णपुर नगर क्षेत्र भित्र बधशालाको निर्माण गरि व्यवस्थित रुपमा विकास गरिने छ ।

१०. नगरको समग्र विकासका लागि सहयोग जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग थप सम्बन्ध विस्तार गरिनेछ ।

११. कामका लागि भारत र अन्य मुलुक जाने आप्रवासी कामदारको सुरक्षित आप्रवासन र मानव बेचबिखन नियन्त्रणका लागि उक्त विषयगत क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरु संगको सझेदारीमा कार्यक्रम अगाडी बढाईने छ ।

१२. बिभिन्न आयोग तथा मुक्त कमैयाले प्राप्त गरेको जग्गा धनि प्रमाणपुर्जा बैंकिंग तथा अन्य कारोबारका लागि खुल्ला गर्न पहल गरिनेछ ।

१३. सार्वजनिक खरिद योजनालाई पारदर्शी, मितव्ययी र प्रतिस्पर्धात्मक बनाउदै संस्थागत सुशासन कायम गर्न निर्माण व्यवसायी तह उपभोक्ता समितिहरुको प्राविधिक तथा तथा आर्थिक क्षमता, पुर्व कार्यसम्पादन स्थिति, कामको गुणस्तर र समयावधी, कार्यन्वयनमा रहेका योजनाहरुको ठेक्का सम्झौता र कार्यन्वयनको स्थिति सहितको विधुतीय प्रोफाईल तयार गरि संचालनमा ल्याईनेछ ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा नगरपालिकालाई सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

## आ.व. २०७९/८० को आय-व्यय यथार्थ विवरण

**आय तर्फः**

१. आन्तरिक श्रोत तर्फ  रु. २४,७१,८९,०८३.६२ (चौबिस करोड एकहत्तर लाख उनानब्बे हजार तिरासी रुपया बासट्टी पैसा)
२. वित्तीय समानिकरण संघीयतर्फ रु. १६,०५,८०,०००.००(सोह्र करोड पाँच लाख अस्सी हजार मात्र)
३. वित्तीय समानिकरण प्रदेश तर्फ रु. १,२७,८४,०००/- (एक करोड सत्तीस लाख चौरासी हजार मात्र)
४. राजस्व बाडफाड संघीय तर्फ रु. १०,५३,२७,१८३.६० (दश करोड तिर्पन्न लाख सत्ताईस हजार एक सय त्रियासी रुपया साट्ठी पैसा मात्र)
५. राजस्व बाडफाड प्रदेश तर्फ रु. ३५,३३,७०५.४५ (पैतिस लाख त्यातिस हजार सात सय पाँच रुपया पैचालिस पैसा)
६. सशर्त अनुदान संघीय सरकार तर्फ रु. २७,७६,२४,६४५.५८ (सत्ताईस करोड छ्याहत्तर लाख चौबिस हजार छ सय पैचालिस रुपया अन्ठाउन्न पैसा)

**जम्मा आम्दानी तर्फ रु. ८०,७०,३८,६१८.२५ (अस्सी करोड सत्तरी लाख अड्तीस हजार छ सय अठार रुपया पचिस पैसा)**

**खर्च तर्फ**

१. आन्तरिक श्रोत तर्फ  रु. १९,४०,७५,४८१.९९ ( उन्नाईस करोड चालिस लाख पचहत्तर हजार चार सय एकासी रुपया उन्नासय पैसा)
२. वित्तीय समानिकरण संघीयतर्फ रु. ११,३८,९२,४९१.२० (एघार करोड अडतिस लाख बयानब्बे हजार चार सय एकानब्बे रुपया बिस पैसा मात्र)
३. वित्तीय समानिकरण प्रदेश तर्फ रु. १,०३,५१,८८०.०० (एक करोड तिन लाख एकाउन्न हजार आठ सय अस्सी मात्र)
४. राजस्व बाडफाड संघीय तर्फ रु. ९,७५,४८,८३५.३६ (नौ करोड पचहत्तर लाख अठचालिस हजार आठ सय पैतिस रुपया छत्तिस पैसा)
५. राजस्व बाडफाड प्रदेश तर्फ रु. २३,८९,७९२.०० (त्याईस लाख उनानब्बे हजार सात सय बयानब्बे रुपया मात्र)
६. सशर्त अनुदान संघीय सरकार तर्फ रु. २७,७६,२४,६४५.५८ (सत्ताईस करोड छ्याहत्तर लाख चौबिस हजार छ सय पैचालिस रुपया अन्ठाउन्न पैसा)

**गरि जम्मा खर्च तर्फ रु. ६९,५८,८३,१२६.१३ ( उन्सत्री करोड अन्ठाउन्न लाख तिरासी हजार एक सय छब्बीस रुपया तेह्र पैसा)**

## आ.व. २०८०/८१ को आय-व्ययको विवरण

आ.व. २०८०/८१ मा यस नगरपालिकाको जेष्ठ मसान्तसम्मको यथार्त आय एवं व्यय तपशिल बमोजिम रहेको छ |

**आय तर्फः**

१. आन्तरिक श्रोत तर्फ  रु. १३,३०,८९,०४२.६१ ( तेह्र करोड तिस लाख उनानब्बे हजार बयालीस रुपया एकसट्टी पैसा )

२. वित्तीय समानिकरण संघीयतर्फ रु. ११,०८,६८,५६०.०० (एघार करोड आठ लाख अढसट्ठी हजार पाँच सय साट्ठी रुपया मात्र)
३. वित्तीय समानिकरण प्रदेश तर्फ रु. १,०१,३७,०००.०० (सैतिस लाख छयासट्ठी हजार सात सय तेह्र रुपया मात्र)
४. राजस्व बाडफाड संघीय तर्फ रु. १०,५४,८९,८८२.१९ (दश करोड चौपन्न लाख उनानब्बे हजार आठ सय बयासी रुपया उन्नाईस पैसा )
५. राजस्व बाडफाड प्रदेश तर्फ रु. ३३,९३,०५५.३३ (त्याात्तिस लाख तिरानब्बे हजार पचपन्न रुपया त्यातिस पैसा मात्र)
६. सशर्त अनुदान संघीय सरकार तर्फ रु. २४,६२,७३,५००.०० (चौबिस करोड बासट्ठी लाख त्रिहत्तर हजार पाँच सय रुपया मात्र)

**जम्मा हाल सम्मको आम्दानी रु. ६२,२४,१७,७५३.१३ (बास**ट्ठी करोड चौबिस लाख सत्र हजार सात सय त्रिपन्न रुपया तेह्र पैसा)

<u>खर्च तर्फ</u>

१. आन्तरिक श्रोत तर्फ रु. १२,२९,३५,३४७.५६ ( बाह्र करोड उन्तिस लाख पैतिस हजार तिन सय सत्चालिस रुपया छाप्पन्न पैसा)
२. वित्तीय समानिकरण संघीयतर्फ रु. ७,४२,०७,०१३.०० (सात करोड बयालीस लाख सात हजार तेह्र रुपया मात्र)
३. वित्तीय समानिकरण प्रदेश तर्फ रु. ८७,६८,५०९.०० (सतासी लाख अड्सट्ठी हजार पाँच सय नौ रुपया मात्र)
४. राजस्व बाडफाड संघीय तर्फ रु. ८,२८,२२,३८९.५४ (आठ करोड अठ्याइस लाख बाईस हजार तिन सय उनानब्बे रुपया चौपन्न पैसा मात्र)
५. राजस्व बाडफाड प्रदेश तर्फ रु. २२,०५,९८१.०० (बाईस लाख पाँच हजार नौ सय एकासी रुपया मात्र)
६. सशर्त अनुदान संघीय सरकार तर्फ रु. १९,००,४३,२६९.६० (उन्नाईस करोड त्रिचालिस हजार दुई सय उन्सत्री रुपया साट्ठी पैसा)

**गरि जम्मा खर्च तर्फ रु. ४८,४७,४९,२२०.७० (अठचालिस करोड सत्चालिस लाख उन्पचास हजार दुई सय बिस रुपया सत्री पैसा)**

<u>आगामी आ.व. २०८१/८२ को अनुमानित आय-व्यय विवरण</u>

आगामी आ.व. २०८१/८२ को अनुमानित आय-व्यय विवरण बजेट पेश गर्न चाहन्छु ।

**आयतर्फ,**

१. आन्तरिक श्रोत तर्फ रु. १०,००,००,०००.००,
२. अ.ल्या. रु. ३,८५,३८,७२२
३. वित्तीय समानिकरण संघीयतर्फ रु. १५,५१,००,०००.०० (पन्द्र करोड एक्काउन्न लाख मात्र)
४. वित्तीय समानिकरण प्रदेश तर्फ रु. १,४६,७९,०००.०० (एक करोड छयालीस लाख उनासी हजार मात्र)
५. राजस्व बाडफाड संघीय तर्फ रु. १५,१४,००,०००.०० (पन्द्र करोड चौध लाख मात्र)
६. राजस्व बाडफाड प्रदेश तर्फ रु. ४६,०५,०००.०० (छयालीस लाख पाँच हजार मात्र)

७. सामाजिक सुरक्षा तर्फ रु. २५,००,००,०००/-(पचिस करोड मात्र)

८. सशर्त अनुदान संघीय सरकार चालु तर्फ रु. २७,१७,७६,०००.०० (सत्ताईस करोड सत्र लाख छ्याहत्तर हजार मात्र)

९. सशर्त अनुदान संघीय सरकार पुंजीगत तर्फ रु. ३,८०,००,०००.०० (तिन करोड अस्सी लाख मात्र)

१०. समपुरक अनुदान पुँजीगत तर्फ रु. ७५,००,०००.०० (पचहत्तर लाख मात्र)

११. विशेष अनुदान पुँजीगत तर्फ रु. १,२५,००,०००.०० (एक करोड पच्चीस लाख मात्र)

१२. सडक बोर्ड बाट रु. ५०,००,०००.०० (पचास लाख मात्र)

गरि जम्मा आम्दानी तर्फ रु. १०४९०९८७२२ प्रस्ताब गरिएको छ ।

व्यय तर्फ, रु. १०४९०९८७२२ खर्च प्रस्ताव गरिएको छ।

धन्यवाद !!